**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ जनवरी २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** प्रयागराजमा पूर्ण श्रद्धा र उत्साहका साथ हिज साढे तीन करोडभन्दा बढी मानिसहरूले त्रिवेणी संगममा स्नान गरे।

**२.** प्रधानमन्त्री नरेन्द्र मोदी आज मुम्बईमा तीन युद्धपोतहरू - आईएनएस सूरत, आईएनएस नीलगिरी र आईएनएस वागशीरलाई भारतीय नौसेनामा समावेश गर्ने समारोहमा सहभागी हुनुहुनेछ।

**३.** सिंगापुरका राष्ट्रपति थर्मन शनमुगरत्नम आफ्नो पाँच दिने राजकीय भ्रमणका लागि भारत आइपुग्नुभएको छ।

**४.** इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले डिजिटल पर्सनल डेटा प्रोटेक्शन ढाँचाप्रति सरकारको दृष्टिकोणमाथि प्रकाश पर्नु भयो।

**५.** दिल्ली विधानसभा चुनावलाई ध्यानमा राख्दै राजनीतिक वातावरण गर्मिन थालेको छ र दलहरूले विभिन्न मुद्दाहरूमा एकअर्कालाई दोषारोपण गरिरहेका छन्।

**महाकुम्भ**

प्रयागराजमा पूर्ण श्रद्धा र उत्साहका साथ दिव्य महाकुम्भको पवित्र स्नान जारी छ। हिजो, मकर संक्रान्तिको अमृत स्नानको अवसरमा, साढे तीन करोडभन्दा बढी मानिसहरूले त्रिवेणी संगममा स्नान गरे। हाम्रा संवाददाताले जानकारी दिए अनुसार इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयले भाषिनीसँगको सहकार्यमा महाकुम्भमा बहुभाषी पहुँचको लागि प्राविधिक व्यवस्था गरेको छ। एउटा रिपोर्ट

****** ० ******

**प्रधानमन्त्रीको मुम्बई भ्रमण**

प्रधानमन्त्री नरेन्द्र मोदी आज मुम्बईमा तीन युद्धपोतहरू - आईएनएस सूरत, आईएनएस नीलगिरी र आईएनएस वागशीरलाई भारतीय नौसेनामा समावेश गर्ने समारोहमा सहभागी हुनुहुनेछ। यो समारोह बिहान १०:३० बजे नौसेना डकयार्डमा आयोजना हुनेछ। एक आधिकारिक विज्ञप्ति अनुसार, यी तीन नौसेना युद्धपोतहरूको समावेश भारतको रक्षा उत्पादन र समुद्री सुरक्षामा विश्वव्यापी नेता बन्ने दृष्टिकोणलाई साकार पार्ने दिशामा एक महत्त्वपूर्ण पहल हुनेछ।भ्रमणको दोस्रो चरणमा, श्री मोदीले नवी मुम्बईको खारघरमा रहेको श्री श्री राधा मदनमोहनजी मन्दिरको उद्घाटन गर्नुहुनेछ। इस्कन परियोजनाको एक भागको रूपमा यो मन्दिर नौ एकड क्षेत्रफलमा निर्माण गरिएको छ जसमा वैदिक शिक्षा केन्द्र, प्रस्तावित संग्रहालय र सभागार र एक उपचार केन्द्र पनि समावेश छ। यस मन्दिरको उद्देश्य वैदिक शिक्षा मार्फत विश्वव्यापी भ्रातृत्व, शान्ति र सद्भाव प्रवर्द्धन गर्नु हो।

****** ० ******

**उपराष्ट्रपति-छत्तीसगढ़ भ्रमण**

उपराष्ट्रपति जगदीप धनखड़ आज छत्तीसगढ़को बिलासपुरमा गुरु घासीदास केंद्रीय विश्वविद्यालयको 11 औ दीक्षांत समारोहमा सामेल हुनुहुनेछ। समारोह दिउसो 3 बजेदेखि 4 बजेसम्म चल्नेछ।यस अवसरमा राज्यका राज्यपाल रमन डेका अनि मुख्यमंत्री विष्णु देव साय पनि उपस्थित रहनेछन्।

****** ० ******

**राष्ट्रपतिको सिंगापुर भ्रमण**

सिंगापुरका राष्ट्रपति थर्मन शनमुगरत्नम आफ्नो पाँच दिने राजकीय भ्रमणका लागि भारत आइपुग्नुभएको छ। नयाँ दिल्ली विमानस्थलमा उहाँलाई वाणिज्य तथा उद्योग राज्यमन्त्री जितिन प्रसादले स्वागत गर्नु भयो। राष्ट्रपति थरमनसँगै मन्त्रीहरू, संसद सदस्यहरू र अधिकारीहरू सम्मिलित उच्चस्तरीय प्रतिनिधिमण्डल पनि आएको छ। सिंगापुरका राष्ट्रपतिको रूपमा उहाँको यो

पहिलो भारत भ्रमण हो।विदेशमन्त्री डा. एस. जयशंकर र अन्य धेरै भारतीय विशिष्ट व्यक्तिहरूले राष्ट्रपति थरमनलाई भेट्ने कार्यक्रम रहेको छ।आफ्नो भ्रमणको क्रममा राष्ट्रपति थरमनले राष्ट्रपति द्रौपदी मुर्मुसँग छलफल गर्नुहुनेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले पनि सिंगापुरका राष्ट्रपतिसँग भेट गर्नु हुनेछ। राष्ट्रपति थरमनले यस महिनाको १७ र १८ तारिखमा ओडिशाको पनि भ्रमण गर्नुहुनेछ।राष्ट्रपति थारमनको भ्रमणले दुई देशबीचको द्विपक्षीय सम्बन्धलाई थप गति दिने अपेक्षा गरिएको छ। यो राजकीय भ्रमणले भारत र सिंगापुरबीचको कूटनीतिक सम्बन्ध स्थापनाको ६० औं वार्षिकोत्सवको सुरुवात पनि गर्दछ। भारत र सिंगापुरबीच मित्रता, विश्वास र पारस्परिक सम्मानको लामो परम्परामा आधारित व्यापक सहयोग छ।

****** ० ******

**विदेशमन्त्रीको स्पेन भ्रमण**

विदेश मन्त्री डा. एस जयशंकर र स्पेनका विदेश मन्त्री जोस मैनुअल अल्बेरेसले म्याड्रिडमा रहेको स्पेन-भारत परिषद् फाउन्डेसनमा 'परिवर्तनशील संसारका लागि रणनीतिक गठबन्धन' विषयक सत्रमा भाग लिए। एक सामाजिक सञ्जाल पोस्टमा, डा. जयशंकरले अशान्त संसारमा भारत-स्पेन सहयोग महत्त्वपूर्ण रहेको, जसले विश्वव्यापी अर्थतन्त्रलाई सुदृढ पार्छ र प्रतिभाको प्रशिक्षण र गतिशीलता सुनिश्चित गर्ने मन्तब्य पोख्नु भएको छ। उहाँले भन्नुभयो स्पेन युरोपेली संघ, भूमध्यसागरीय देशहरू र ल्याटिन अमेरिकासँग भारतको सम्बन्धलाई गहिरो बनाउन एक प्रमुख साझेदार हो। डा. जयशंकरले सरकार, व्यवसाय र संस्थाहरूले यो सम्भावनालाई साकार पार्न र सम्बन्धको अर्को चरणको लागि तयारी गर्न मिलेर काम गर्नु पर्ने आवश्यकता माथि जोड दिनु भयो।विदेशमन्त्रीले स्पेनका रक्षामन्त्री मार्गारीटा रोबल्ससँग पनि विचार आदानप्रदान गर्नुभयो। डा. जयशंकरले दुवै पक्षले रक्षा क्षेत्रका साथै क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा द्विपक्षीय सहयोग सुदृढ पार्ने बारेमा छलफल गरेको बताउनु भयो।

****** ० ******

**वैष्णव-डीपीडीपी**

इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्री अश्विनी वैष्णवले डिजिटल पर्सनल डेटा प्रोटेक्शन ढाँचाप्रति सरकारको दृष्टिकोणमाथि प्रकाश पर्नु भयो। उहाँले सरकारको प्राथमिक उद्देश्य कानून र नियमहरू विकास गर्नु रहेको बताउनु भयो। डिजिटल पर्सनल डेटा प्रोटेक्शन - DPDP नियमावली, २०२५ मा सरकारी अधिकारीहरू र उद्योगहरूको परामर्श बैठकको अध्यक्षता गर्दै, श्री वैष्णवले डिजिटल पर्सनल डेटा प्रोटेक्शन ऐन-२०२३ र ड्राफ्ट नियम नियम-२०२५ लाई सँगै विचार गर्नुपर्ने आवश्यकतामा जोड दिनु भयो।यस सत्रले २०२३ को  डिजिटल पर्सनल डेटा प्रोटेक्शन ऐनको कार्यान्वयनलाई समर्थन गर्न डिजाइन गरिएका नियमहरूमा छलफल गर्न विभिन्न मन्त्रालयका प्रमुख सरकारी अधिकारीहरू, उद्योगका नेताहरू, कानुनी विज्ञहरू र नीति निर्माताहरू सहित २०० भन्दा बढी सहभागीहरूलाई एकै मंचमा ल्याएको थियो।

****** ० ******

**दिल्ली चुनाव**

दिल्ली विधानसभा चुनावलाई ध्यानमा राख्दै राजनीतिक वातावरण गर्मिन थालेको छ र दलहरूले विभिन्न मुद्दाहरूमा एकअर्कालाई दोषारोपण गरिरहेका छन्। राष्ट्रिय राजधानीमा आयुष्मान भारत योजना लागू नगरेकोमा भाजपाले सोमबार आम आदमी पार्टीको नेतृत्वमा रहेको दिल्ली सरकारमाथि आक्रमण गरेको छ। पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै दिल्ली भाजपा अध्यक्ष वीरेन्द्र सचदेवाले भन्नुभयो दिल्ली र पश्चिम बंगालले आयुष्मान भारत योजना केवल राजनीतिक कारणले लागू गरेका छैनन्। श्री सचदेवाले यस विषयमा AAP माथि प्रश्न गर्दै एकातिर यसले दिल्लीमा योजनाको आलोचना गरिरहेको छ भने अर्कोतिर AAP नेतृत्वको पञ्जाब सरकारले यसलाई लागू गरेको बताउनुभयो। उहाँले भारतीय जनता पार्टी सत्तामा आएमा दिल्लीमा आयुष्मान भारत योजना लागू गर्ने घोषणा गर्नुभयो।यसैबीच, आम आदमी पार्टीले भाजपामाथि शहरमा भ्रष्टाचार गरेको र विधानसभा चुनाव अघि मतदाताहरूलाई लोभ्याएको आरोप लगाएको छ। मिडियासँग कुरा गर्दै आपका संयोजक अरविन्द केजरीवालले भाजपाले धेरै कुराहरू वितरण गरेर मतदाताहरूलाई प्रभाव पार्न खोजिरहेको आरोप लगाउनु भयो।अर्कोतर्फ, कांग्रेसले श्री केजरीवाललाई आफ्नो कर्तव्य पूरा गर्न असफल भएको र अघिल्लो कांग्रेस सरकारले गरेको कामको श्रेय लिएको आरोप लगाएको छ।दिल्ली विधानसभा चुनावको लागि मनोनयन प्रक्रियाले गति लिएको छ र प्रमुख दलका उम्मेदवारहरूले आफ्नो मनोनयन पत्र दर्ता गर्न थालेका छन्। ७० मानिसहरूलाई सम्पर्क गर्न थालेका छन्।

****** ० ******

**कांग्रेस-सूची**

दिल्ली विधानसभा चुनावका लागि कांग्रेसले १६ उम्मेदवारहरूको तेस्रो सूची जारी गरेको छ। पार्टीले मोडेल टाउनबाट कुँवर करण सिंह, गान्धी नगरबाट कमल अरोरा, मुन्डकाबाट धर्मपाल लाक्रा, आरके पुरमबाट विशेष टोकस र ओखलाबाट सुश्री अरीबा खानलाई उम्मेदवार बनाएको छ।

****** ० ******

**पियुष गोयल-चेन्नई**

केन्द्रीय वाणिज्य मन्त्री तथा वरिष्ठ भाजपा नेता पियुष गोयलले विगत दश वर्षको सुशासन दश आधारभूत सिद्धान्तहरूमा आधारित रहेको बताएका छन्। चेन्नईमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले सरकार प्रधानमन्त्री नरेन्द्र मोदीको निर्णायक नेतृत्व, मूल कारण विश्लेषण, परिणाममुखी कार्य, कानूनको शासन र पारदर्शिता, समयमै कार्यान्वयन, मुद्दाहरूको प्राथमिकीकरण, जवाफदेहिता सहितको अनुगमनमा आधारित रहेको बताए। उहाँले भन्नुभयो, नयाँ दिल्लीको भारत मण्डपममा रहेको नटराजको २७ फिट अग्लो मूर्तिले तमिलनाडुको समृद्ध सांस्कृतिक सम्पदाको प्रदर्शन गर्दछ। श्री गोयलले सरकारका विभिन्न उपलब्धिहरू जस्तै खाना, कपडा, आश्रय, शिक्षा, स्वास्थ्य सेवा, डिजिटल कनेक्टिभिटी, खाना पकाउने ग्यास जडान र ऊर्जा कुशल प्रकाश प्रदान गर्ने जस्ता उपलब्धिहरू सूचीबद्ध गर्नुभयो। यी उपलब्धिहरूले दीर्घकालीन विकास लक्ष्यहरूतर्फ द्रुत प्रगति सुनिश्चित गर्नेछ।

****** ० ******

**युएई-केरला लगानी**

अन्तर्राष्ट्रिय लगानी आकर्षित गर्ने केरलाको महत्वाकांक्षी अभियानले उल्लेखनीय गति प्राप्त गरेको छ। केरलाका उद्योग मन्त्री पी. राजीवले दुबईमा एक उच्च-प्रोफाइल प्रतिनिधिमण्डलको नेतृत्व गर्नु भयो जसले आगामी इन्भेस्ट केरला ग्लोबल समिट-आईकेजीएसको लागि युएईका शीर्ष व्यवसाय र सरकारी नेताहरूबाट बलियो प्रतिबद्धता प्राप्त गर्यो।जनवरी १३-१४, २०२५ मा भएका बैठकहरूको श्रृंखलामा, मन्त्री राजीवले युएईका निवेश मन्त्री मोहम्मद हसन अल सुवैदी र अबु धाबी चेम्बर अफ कमर्सका अध्यक्ष अहमद जसिम अल जाबी लगायत युएईका प्रमुख अधिकारीहरूसँग अन्तरक्रिया गर्नुभयो। छलफलबाट ठोस नतिजा निस्कियो र युएईले फेब्रुअरी २१-२२, २०२५ मा आयोजना हुने IKGS मा विशेष प्रतिनिधिमण्डल पठाउने पुष्टि गरेको छ।

****** ० ******

**बम्बई उच्च न्यायालय - नयाँ अधिवक्ताहरू**

बम्बई उच्च अदालतले दुई महिला सहित १३ जना वकिलहरूलाई वरिष्ठ अधिवक्ताको रूपमा तोकेको छ। अधिवक्ता ऐन, १९६१ को धारा १६ (२) द्वारा प्रदान गरिएको अधिकार र उच्च अदालतद्वारा तोकिएका नियमहरू अन्तर्गत यो मनोनयन गरिएको हो।

****** ० ******

**मौसम**

मौसम विभागले आज पञ्जाब, हरियाणा, चण्डीगढ, दिल्ली र पश्चिमी उत्तर प्रदेशमा मेघगर्जन र वर्षाको पूर्वानुमान गरेको छ। उत्तराखण्ड र हिमाचल प्रदेशमा आगामी दुई दिनसम्म वर्षा वा हिमपातको सम्भावना छ। पञ्जाब, हरियाणा, बिहार, झारखण्ड, ओडिशा, पश्चिम बंगालको हिमालयी क्षेत्र, सिक्किम र देशको उत्तर-पूर्वी क्षेत्रमा रात र बिहानको समयमा बाक्लो कुहिरो लाग्नेछ।

****** ० ******